आज मिति २०७९।०३।३० गते पैंयू गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरी ज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| सि नं. | नाम | पद | कार्यपालिका सदस्य पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री तोरण मल्ल ठकुरी | अध्यक्ष | अध्यक्ष | |
| २ | श्री याम कुमारी राना | उपाध्यक्ष | सदस्य | |
| ३ | श्री मिन प्रसाद न्यौपाने | १ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री नरभूपाल काफ्ले | २ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री चन्द्र बहादुर थापा | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री टुकलाल न्यौपाने | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री नारायण भुर्तेल | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री गंगाधर अधिकारी | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री तोयनाथ शर्मा | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| १० | श्री मिठु क्षेत्री | ३ नं. वडा महिला सदस्य | सदस्य | |
| ११ | श्री चन्द्रकला न्यौपाने | ६ नं. वडा महिला सदस्य | सदस्य | |
| १२ | श्री सर्मिला नेपाली | ४ नं.बडा दलित महिला सदस्य | सदस्य | |
| १३ | श्री उमादेवी बि.क. | ५ नं. वडा दलित महिला सदस्य | सदस्य | |
| १४ | श्री फुलमाया सुनार | दलित सदस्य | सदस्य | |
| १५ | श्री बविता हिताङ | दलित सदस्य | सदस्य | |
| १६ | श्री केशव लामिछाने | प्र.प्र.अधिकृत | सचिव | |
| १७ | श्री सरोज पराजुली | लेखा अधिकृत | आमन्त्रित | |
| १८ | श्री रबिन्द्र गौतम | सूचना प्रविधि अ. | आमन्त्रित | |

मिति २०७९।०३।३० गते वसेको गाउँकार्यपालिकाको वैठकका निर्णयहरु

१- अनुसूची १ वमोजिमको संशोधित आर्थिक वर्ष ०७९/८० को वार्षिक नीति तथा कार्यक्रम दशौ गाउँसभाको दोस्रो सभामा पेश गर्ने ।

२- अनुसूची २ वमोजिमको संशोधित आर्थिक वर्ष ०७९/८० को वजेट तथा कार्यक्रम दशौं गाउँसभाको दोस्रो सभामा पेश गर्ने ।

३- अनुसूची ३ वमोजिम आर्थिक वर्ष ०७९/८० को आर्थिक विधेयक २०७९ दशौं गाउँसभाको दोस्रो सभामा पेश गर्ने ।

४- अनुसूची ४ वमोजिम आर्थिक वर्ष ०७९/८० को विनियोजन विधेयक २०७९ दशौं गाउँसभाको दोस्रो सभामा पेश गर्ने ।

अनुसूची -१

## पैयूँ गाउँपालिकाको आ.व २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम

उपाध्यक्षज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु,सदस्यज्यूहरु,कर्मचारी तथा सुरक्षाकर्मीहरु र सञ्चारकर्मी मित्रहरु,

पैयूँ गाउँपालिकाको यस गरिमामय गाउँसभामा आ.व २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु ।

१ संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा सामाजिक आर्थिक परिवर्तनको आन्दोलनमा मुलुक र जनताका लागि प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुमा उच्च सम्मान प्रकट गर्दछु।

२ समग्र राष्ट्र र गाउँपालिकाको विकासमा सदा सर्वदा विभिन्न तह र तप्काबाट सहयोग पुर्याउनुहुने तथा हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा सहभागी हुनुभई हामीलाई प्रतिनिधिको रुपमा छनौट गर्नु भएकोमा सम्पूर्ण पैयूँ बासी आदरणीय आमा, वुवा, दिदी, बहिनी तथा दाजुभाइहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

सदस्यज्यूहरु,

चालु आर्थिक वर्षको संक्षिप्त प्रगति समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

३ पैयूँ गा.पा. साविक हुवास स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी १० शैयाको अस्पताल बनाउने नेपाल सरकारको निर्णय अनुसार अस्पताल निर्माण कार्य अघि वढेको छ।

४ गाउँपालिकाका सवै स्वास्थ्य चौकीहरुलाई सुविधा सम्पन्न गर्दै जाने नीति अनुरुप यस आ.व.मा सरौंखोला स्वास्थ्य चौकीमा ल्याव सेवा सञ्चालन गरिएको छ भने भोर्ले स्वास्थ्य चौकीमा २४ घण्टा सुत्केरी सेवा सञ्चालनमा ल्याईएको छ ।

५ गाउँपालिकाको केन्द्रमा रहेको हुवास स्वास्थ्य चौकीलाई थप सुविधा सम्पन्न बनाउनका लागि यस आ.व.देखि भिडियो एक्सरे र इसिजि सेवालाई सञ्चालनमा ल्याइएको छ ।